**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी 17 ओ ब्रिक्स सम्मेलनमा सामेल हुन आज ब्राजीलको शहर रियो-डी-जेनेरियो पुग्नु भएको छ।
- **उपराष्ट्रपति जगदीप धनकड़ आज देखि केरलको दुइ दिन को यात्रामा जानु हुनेछ।**
- **श्री अमरनाथजी यात्रा को तेस्रो दिन हिज साझ पांच बजे सम्म बीस हजार भन्दा अधिक तीर्थयात्रिहरुले अमरनाथजीको पवित्र गुफाको दर्शन गरे।**
- **मौसम विज्ञान विभागले भनेको छ कि आगामी 5 देखि 6 दिनहरुमा उत्तर-पश्चिम, मध्य अनि पूर्वोत्तर भारतमा मूसलधारे वर्षा हुने संभावना छ।**
- **भारतीय महिला फुटबॉल टीमले आगामी वर्ष ऑस्ट्रेलियामा हुने एएफसी एशियन कपको लागि क्वालिफाई गरेको छ।**

## प्रधानमंत्री-ब्राजील

प्रधानमंत्री नरेन्द्र मोदी 17 ओ ब्रिक्स सम्मेलनमा सामेल हुन आज ब्राजीलको शहर रियो-डी-जेनेरियो पुग्नु भएको छ । ब्रिक्सका सदस्य देशहरुमा ब्राज़ील, रूस, भारत, चीन अनि दक्षिण अफ्रीका सामेल छन्। सम्मेलनको अवधि श्री मोदीले वैश्विक शासन व्यवस्था, शांति अनि सुरक्षा, बहुपक्षीयतालाई बलियो बनाउने , यांत्रिक मेधाको सदुपयोग, जलवायु परिवर्तनको रोकथाम, वैश्विक स्वास्थ्य स्थिति, आर्थिक अनि वित्तीय लगाएत अन्य महत्वपूर्ण वैश्विक मुद्दाहरु माथि आफ्नो विचार राख्नुहुने छ। श्री मोदीले अन्य प्रमुख नेताहरु सित द्विपक्षीय बैठक पनि गर्नु हुने सम्भावना छ। प्रधानमंत्रीले ब्राजीलको राजधानी ब्राजीलियामा राष्ट्रपति लुईज सिल्वा सित आपसी हितका मुद्दाहरु माथि पनि चर्चा गर्नुहुनेछ। जसमा व्यापार, रक्षा, ऊर्जा, अंतरिक्ष, प्रौद्यौगिकी, कृषि, स्वास्थ्य अनि दुवै देशहरुका जनता बीच परस्पर संपर्कको मुद्दाहरु सामेल छन्।

### रेभ. पीएम अर्जेन्टिना

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो अर्जेन्टिनाका राष्ट्रपति जेभियर माइलीसँग फलदायी भेटघाट गर्नुभयो। यो भ्रमण भारतीय प्रधानमन्त्रीको ५७ वर्षमा अर्जेन्टिनाको पहिलो द्विपक्षीय भ्रमण थियो। दुई नेताहरूले छोटो एक-एक भेटवार्ता गरे, त्यसपछि द्विपक्षीय सम्बन्धको पूर्ण स्पेक्ट्रमलाई समेट्ने प्रतिनिधिमण्डल-स्तरीय वार्ता भयो। उनीहरू व्यापार र वाणिज्य, प्रविधि, रक्षा, अन्तरिक्ष, स्वास्थ्य र औषधि जस्ता प्रमुख क्षेत्रहरूमा सहयोग बढाउन र दुई देशहरू बीचको रणनीतिक साझेदारीलाई अझ गहिरो बनाउन सहमत भए। एक रिपोर्ट:

## प्रधानमंत्री-गांधी टैगोर

प्रधानमंत्री नरेन्द्र मोदीले अर्जेंटीनाको राजधानी ब्यूनस ऑयर्समा हिज महात्मा गांधी अनि रबीन्द्र नाथ टैगोरको प्रतिमाहरुमा श्रद्धांजलि अर्पित गर्नुभयो। सोशल मीडिया पोस्टमा उहाले भन्नुभयो – गांधीको शाश्वत दृष्टिकोण अनि उहाको आदर्श विचारले सदैव मानव जातिलाई मार्गदर्शन गरिरहने छ। उहाले भन्नुभयो – बापूका विचारहरु प्रति सारा बिश्वमा सम्मानको भाव छ अनि गांधीका विचार लाखों मानिसहरुका लागि शक्ति अनि आशाको स्रोत हुन्। श्री मोदीले भन्नुभयो कि महात्मा गांधीबाट प्रेरित भएर उहाको सरकार न्यायसंगत अनि करुणामय विश्वको निर्माण गर्न प्रतिबद्ध छ। श्री मोदीले सोशल मीडियामा एक अन्य पोस्टमा

भन्नुभयो कि गुरूदेव टैगोरले बर्ष 1924 मा अर्जेंटीनाको यात्राको अवधि विशेष गरेर त्यहाँका विद्यार्थिहरु अनि विद्वानहरुमा अमेट छाप छोड्नु भएको थियो। उहाले भन्नुभयो – भारतलाई आफ्नो इतिहास अनि संस्कृतिमा टैगोरको अतुल्य योगदान माथि अपार गर्व छ। ब्यूनस आयर्सको नगर प्रशासनले प्रधानमंत्रीलाई **'की टू द सिटी ऑफ ब्यूनस आयर्स'** भेंट गरे। श्री मोदीलाई यो सम्मान दुवै देशहरु बिचको सम्बन्धहरुलाई सशक्त बनाउनमा उहाको योगदानको लागि दिईएको हो।

## केरल उपराष्ट्रति दौरा

उपराष्ट्रपति जगदीप धनकड़ आज देखि केरलको दुइ दिन को यात्रामा जानु हुनेछ। सोमवार अर्थात भोलि उपराष्ट्रपतिले त्रिषूर जिल्लाको गुरुवायूर मंदिरमा पूजा-अर्चना गर्नु हुनेछ।त्यसपछि उहा नेशनल एडवांस्टड लीगल अध्ययन कोच्चिका विद्यार्थिहरु अनि अध्यापकहरुसंग विचार विमर्श गर्नु हुनेछ।

## जम्मू-कश्मीर अमरनाथ यात्रा

श्री अमरनाथजी यात्रा को तेस्रो दिन हिज साझ पांच बजे सम्म बीस हजार भन्दा अधिक तीर्थयात्रिहरुले अमरनाथजीको पवित्र गुफाको दर्शन गरे। गत तीन जुलाईमा शुरू भएको 38 दिनको श्री अमरनाथजीको वार्षिक यात्रा निर्बाध रूपमा जारी छ। यो यात्रा दक्षिण कश्मीरको अनंतनाग जिल्लाको नुनवान पहलगाम अनि मध्य कश्मीरको गांदरबल जिल्लाको बालतल आधार शिविरको दुई मार्गहरु भएर भैरहेको छ। यस भन्दा पुर्ब जम्मूमा हिज बिहान भगवती नगर आधार शिविरबाट दुई वटा बेग्ला-बेग्लै जत्थाहरुमा 312 वाहनहरुमा पुरुष, महिलाहरु , बाल-बालिकाहरु , साधुहरु अनि साध्विहरु सहित 6 हजार 900 भन्दा अधिक तीर्थयात्रिहरुको चौथो जत्था प्रस्थान भए। पवित्र गुफा, बर्फले स्वत: निर्मित शिवलिंगको लागि जनिने गरिन्छ। यो गुफा कश्मीर क्षेत्रको हिमालयमा 12 हजार 756 फीटको ऊंचाईमा स्थित छ।

## अमेरिका - ट्यारिफ

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले १२ देशबाट निर्यात हुने आयातमा कर पत्रमा हस्ताक्षर गर्नुभएको छ जुन भोलि पठाइने आशा गरिएको छ। मिडियासँग कुरा गर्नुहुँदै अमेरिकी राष्ट्रपतिले भन्नुभयो पत्र प्राप्त गर्ने देशहरूको नाम भोलि मात्र खुलासा गरिनेछ। ट्रम्पले सुझाव दिनुभएको छ पारस्परिक करहरू अझ अधिक हुन सक्छन्, सम्भावित रूपमा केही देशहरूको लागि ७० प्रतिशतसम्म पुग्न सक्छन्, र अगस्ट १ देखि लागू हुनेछन्।

अमेरिकी राष्ट्रपतिले अप्रिलमा देशमा प्रवेश गर्ने अधिकांश सामानहरूमा १० प्रतिशतको आधार करको अनावरण गर्नुभयो साथै चीन सहित केही देशहरूका लागि उच्च दरहरू पनि घोषणा गर्नुभयो। ती बढाइएका करहरू पछि जुलाई ९ सम्म निलम्बन गरियो। वाशिंगटनले दुई देशहरू - संयुक्त अधिराज्य र भियतनामसँग व्यापार सम्झौताहरू गरेको छ।

## नेपाल-राजनीति

नेपालमा नागरिक उन्मुक्ति पार्टी-NUP ले केपी शर्मा ओलीको नेतृत्वमा रहेको गठबंधन सरकारबाट समर्थन फिर्ता लिने निर्णय लिएको छ। पार्टीका अध्यक्ष रंजीता श्रेष्ठले यसबारे घोषणा गर्नुभएको हो। संसदमा NUP का चार सदस्य छन् अनि समर्थन फिर्ता लिए पछि गठबंधन सरकार माथि कुनै असर पर्ने संभावना छैन। हालैमा पांच संसद सदस्यहरु भएको एक अन्य प्रमुख मधेसी दल जनता समाजवादी पार्टीले पनि ओली सरकारबाट समर्थन फिर्ता लिएको थियो।

## मौसम

मौसम विज्ञान विभागले भनेको छ कि आगामी 5 देखि 6 दिनहरुमा उत्तर-पश्चिम, मध्य अनि पूर्वोत्तर भारतमा मूसलधारे वर्षा हुने संभावना छ। मौसम विभागले भोलि हिमाचल प्रदेशमा बेग्ला-बेग्लै स्थान्हारुमा अनि मध्य महाराष्ट्रको घाट क्षेत्रहरुमा

आगामी दुई दिनहरु सम्म भारी वर्षा हुने अनुमान ब्येक्त गरेको छ । यस महिनाको 11 तारीख सम्म उत्तराखंड, पूर्वी राजस्थानमा अनि भोलि पूर्वी उत्तर प्रदेश अनि पश्चिमी राजस्थानमा बेग्ला -बेग्लै स्थानहरुमा भारी वर्षा हुने आशंका छ भने हरियाणा, चंडीगढ़, पंजाब अनि उत्तर प्रदेशमा यसै महिनाको 10 तारीख सम्म बिभिन्न स्थानहरुमा पनि भारी वर्षा हुने संभावना छ । आगामी सात दिनहरुको अवधिमा कोंकण अनि गोवा तथा गुजरातको बिभिन्न स्थानहरुमा पनि भारी वर्षा हुने संभावना छ । यता नागालैंड लगातार मानसूनको वर्षाको प्रभावसित जुझी रहेको छ । अनेक जिल्लाहरुमा अचानक बाढ़ अनि पनि जम्मिएको खबर छ । दीमापुरमा लगातार भारी वर्षाको कारण कतिपई निम्न इलाकाहरुमा बाढ़ आएको छ । जिला आपदा प्रबंधनले नागरिकहरुलाई नदी अनि बाढग्रस्त क्षेत्रहरु देखि टाडो रहने परामर्श जारी गरेको छ ।

## फुटबॉल-महिला एशियन कप

भारतीय महिला फुटबॉल टीमले आगामी वर्ष ऑस्ट्रेलियामा हुने एएफसी एशियन कपको लागि क्वालिफाई गरेको छ । प्रतियोगिताको क्वालिफॉयरमा ग्रुप-बी को चौथो अनि अंतिम म्याचमा , भारतले थाईलैंडलाई 1 को बिरुद्ध 2 गोलले पराजित गर्यो । भारतको लागि संगीता बासफोरले 2 गोल गरेर टीमलाई उत्कृस्ट जीत दिलाए । यस भन्दा पुर्ब , भारतीय टीमले 22 वर्ष अघि एएफसी महिला एशिया कपको लागि क्वालीफाई गरेको थियो ।

## नीरज चोपड़ा

**भाला फेंक स्पर्धामा ओलंपिक स्वर्ण पदक विजेता नीरज चोपड़ाले प्रथम नीरज चोपड़ा क्लासिक प्रतियोगिताको खिताब जित्न सफल बनेका छन् । हिज बेंगलुरुमा नीरजले 86 दशमलव एक-आठ मीटर सम्म भाला फ्याके । केन्याका जूलियस येगो दोस्रो अनि श्रीलंकाका रुमेश पथिरगे तेस्रो स्थानमा रहे ।**

## विंबलडन

भारतका युकी भांबरी अनि अमरीकाका रॉबर्ट गैलोवे, विंबलडन टेनिस टूर्नामेंटको पुरुष डबल्सको तेस्रो चरणमा पुगेका छन् । लंदनमा हिज दोस्रो चरणमा युकी अनि रॉबर्टको जोड़ीले पुर्तगालका नूनो बोर्गेस अनि अमरीकाका मार्कोस गिरोनलाई पराजित गरे । मिक्स्ड डबल्समा पनि युकी भांबरी चीनका जियांग झिन्यू सित दोस्रो चरणमा पुगेका छन् । यसै बीच, रित्विक बोल्लीपल्ली अनि कोलंबियाका निकोलस बैरिएंटोस, ब्रिटेनका जो. सैलिसबरी अनि नील स्कुप्स्की सित पराजित भएर टूर्नामेंटबाट बाहिर भएका छन् ।

****** ० ******